# मुक्तिनाथ विकास बैंक लि.को सत्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माइन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र मुक्तिनाथ विकास बैंक लिमिटेडको नियमावली बमोजिम बैंकको सत्रौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूको अध्यक्षतामा मिति २०८० पौष २८ गते शनिवार तदनुसार जनवरी १२, २०२४ का दिन **सिटी स्क्वयर, न्यूरोड, पोखरामा** दिनको १.०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बैठक बस्यो ।

**२) सभा बस्ने सम्बन्धी सूचना जारी :**

कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०७९ पौष ८ गते बसेको सञ्चालक समितिको ३१२ औं बैठकको निर्णय बमोजिम, यस विकास बैंकको सत्रौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८० पौष ०७ गते राष्ट्रिय दैनिक पत्रिका राजधानी दैनिक र २०७९ पौष ८ गते राष्ट्रिय दैनिक पत्रिका अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सवै सेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो । साथै SMS मार्फत समेत सवै सेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी जानकारी गराइएको थियो ।

**३) छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.५१३२ प्रतिशतले हुने रकम रु.३,२९,४९,३५६.६६ (अक्षरेपी तीन करोड उनन्तीस लाख उनन्पचास हजार तीन सय छप्पन्न रुपैयाँ छैसट्ठी पैसा मात्र) (वोनस सेयरको कर प्रयोजनार्थ ) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयलाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) को ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसठ्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा ) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) बाट ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसठ्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

४. विकास बैंकको नियमावली अनुसार संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना, र सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

५. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

६. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

**४) उपस्थिति :**

**४.१) सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) श्री भरत राज ढकाल | – | अध्यक्ष |
| २) श्री गजेन्द्रमान श्रेष्ठ | – | सञ्चालक |
| ३) श्री शालिग्राम मिश्र | – | सञ्चालक |
| ४) श्री निर्मला कुमारी के.सी. (कार्की) | – | सञ्चालक |
| ५) श्री श्यामसुन्दर शर्मा | – | स्वतन्त्र सञ्चालक |

**४.२) अन्य पदाधिकारी :**

| | | |
|---|---|---|
| १) प्रद्युमन पोखरेल | – | प्रमुख कार्यकारी अधिकृत |
| २) डण्डपानी ढकाल | - | कम्पनी सचिव |

**५) गणपुरक संख्या :**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिती | प्रतिनिधद्धारा उपस्थिती | जम्मा उपस्थिती | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| सेयरधनी संख्या | ५६,५९९ | ६३५ | २१ | ६५६ | १.१५ |
| सेयर संख्या | ६,४२,०९,००२.७२ | ३,२८,६२,१६८ | २०,०९,७४१ | २,८७,१३,४१४ | ५४.३१ |

**६) सभाको वैधानिकता र सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको बिक्री भएको जम्मा सेयर संख्याको ५०% भन्दा बढि सेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल सेयरधनी मध्ये कम्तीमा ३ जना सेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस संस्थाको कूल ६,४२,०९,००२.७२ कित्ता मध्ये ३,२८,६२,१६८ सेयर कित्ताका ६३५ जना सेयरधनीहरु स्वयम् उपस्थित र २०,०९,७४१ सेयर कित्ताका २१ जना प्रतिनिधिद्धारा उपस्थित भई कूल सेयरधनीको १.१५ प्रतिशत र कुल सेयर संख्याको ५४.३१ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र यस विकास बैंकको नियमावली अनुसार सत्रौं वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री डण्डपानी ढकालले गराउनु भयो ।

सत्रौं वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव श्री डण्डपानी ढकालले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूलाई सत्रौं बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र श्री अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण भयो ।

कार्यक्रम सञ्चालक श्री डण्डपानी ढकालले सभाको शुरुवात गर्न स्विकृतीको लागि सभाको सभापतिज्यूलाई अनुरोध गर्नु भयो र सभापतिको अनुमति लिई कम्पनी सचिवद्वारा दिनको १.०० बजे सभाको वैधानिक रुपमा औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

**७) अतिथी तथा पर्यवेक्षक साथै विशिष्ट ब्यक्तिको आसन ग्रहण :**

कार्यक्रम सञ्चालकले सत्रौं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालकहरु, पूर्व सञ्चालक समितिका अध्यक्षहरु, प्रमुख कार्यकारी अधिकृत, पूर्व सञ्चालकहरु, संस्थापक सेयरधनी महानुभावहरु, सर्वसाधारण सेयरधनीहरु, कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री गजेन्द्र मान श्रेष्ठले गर्नु भयो । वार्षिक साधारण सभाको उद्‌घाटन सभाका अध्यक्ष श्री भरत राज ढकाल गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रद्‌युमन पोखरेलले संस्थाको बर्तमान अवस्था र भावी कार्ययोजनाका बारेमा प्रस्ट पार्दै आफ्नो प्रतिबद्धता सहित शुभकामना मन्तव्य राख्नुभयो ।

**८) बार्षिक साधारण सभाको प्रस्तुती :**

८.१) कम्पनी सचिव श्री डण्डपानी ढकालले सत्रौं वार्षिक साधारण सभाका प्रस्तावहरु क्रमश सभा समक्ष प्रस्तुत गर्नु भयो र आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नका लागि अध्यक्षज्यूलाई आग्रह गर्नु भयो ।

८.२) सभाको काम कारवाही अगाडी बढाउने क्रममा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

८.३) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब,नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गर्न सभा समक्ष पेश गर्नु भयो ।

८.४) त्यसैगरी आ.व.२०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रतिवेदन पेश गर्न अध्यक्षज्यूले लेखा समितिका संयोजक तथा सञ्चालक श्री गजेन्द्रमान श्रेष्ठले सभा समक्ष पेश गर्ने व्यहोरा जानकारी गराउनु भयो ।

८.५) यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफलका लागि सभा समक्ष पेश गरियो ।

८.६) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.५१३२ प्रतिशतले हुने रकम रु.३,२९,४९,३५६.६६ (अक्षरेपी तीन करोड उनन्तीस लाख उनन्पचास हजार तीन सय छप्पन्न रुपैयाँ छैसट्ठी पैसा मात्र) (वोनस सेयरको कर प्रयोजनार्थ ) नगद लाभांश वितरण गर्ने प्रस्ताव पेश भयो ।

८.७) त्यसैगरी **विशेष प्रस्तावहरु तर्फ** काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालय लाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.८ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) को ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसट्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा ) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.९) विकास बैंकको चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) बाट ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसट्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव पेश गर्नुभयो ।

८.१० विकास बैंकको नियमावली अनुसार संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना, र सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अभिकृतबाट जानकारी हुने बताउनुभयो ।

८.११ सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

८.१२) यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र

(Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश गर्नु भयो ।

८.११) विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव पेश गर्नु भयो ।

**९) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण :**

९.१) **सेयरधनी श्री बुद्धि सागर बरालले** सर्वप्रथम समयमानै वार्षिक प्रतिबेदन उपलब्ध गराएको प्रति धन्यबाद ज्ञापन गर्नुभयो । यस विकास बैंकको वार्षिक प्रतिवेदनमा सबै कुराहरु समेटिएको छ । नाफालाई अहिलेको अवस्थामा उपलब्धी मूलक मान्नुपर्छ । खुद आम्दानी विगतको तुलनामा घटेको छ । आम्दानीको अनुपातमा खर्च बढी भएको प्रति सजग गराउनु भयो । शाखा विस्तार कर्मचारी थप हुँदा पनी उत्पादकत्वमा बढोत्तरी नभएको प्रति जिज्ञासा राख्नुभयो । ऋण मिनाह प्रति जिज्ञासा राख्दै यो परिपाटी हटाउनुपर्ने सुझाव दिनुभयो । कृषि कम्पनीमा बैंकको लगानी रहेको हुँदा कम्पनीको अवस्थाको बारेमा जिज्ञासा राख्नुभयो । हाल बजारमा देखिएको बैंकको ऋण तिर्न पर्दैन भन्ने समूहलाई यो जनताको डिपोटि हो बैंकबाट ऋण लिएपछी तिर्नुपर्छ भन्दै ऋण तिर्न आग्रह समेत गर्नुभयो ।

९.२) **सेयरधनी श्री श्रीराम गौतमले** साधारण सभाको समय दिनको १.०० बजे राखेको प्रति जिज्ञासा राख्नुभयो । विगत ५ बर्षको अवधिलाई हेर्दा कारोवार बढेतापनी धेरैजसो सूचकाङ्कहरु खस्किँदै गएको प्रति ध्यानाकर्षण गराउनुभयो । मर्जरको प्रस्ताव प्रति यो बैंकपनि कतै मर्जमा जाने त हैन भन्ने चिन्ता व्यक्त गर्नुभयो । गत आ. व. मा शाखा कार्यालय थप नगरिएको तर कर्मचारी संख्या बृद्दि भएको प्रति जिज्ञासा राख्नुभयो । Faction मा dividend नदिन सुझाव दिनुभयो । विगतमा तारे होटलमा साधारण सभा गर्ने गरिएकोमा यो वर्ष पार्टी प्यालेसमा गर्दा राम्रो म्यासेज जाँदैनकी भन्ने चिन्ता व्यक्त गर्नुभयो । गत वर्षको सुझाव बमोजिम बैंकले पत्रिकामा सूचना प्रकाशित गर्नुको अलावा सेयरधनिहरुलाई समयमै SMS मार्फत समेत साधारण सभाको जानकारी दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

९.३) **सेयरधनी श्री रबिन्द्र बरालले** बैंकले लाभांश घोषणा सम्बन्धी निर्णय गर्दा असावधानिका कारण एक दिन कारोवार बन्द भएको प्रति आगामी दिनमा सावधानी अपनाउन सुझाव दिनुभयो । साथै सुशासनका विषयमा स साना कुराहरुलाई समेत ध्यान दिन आग्रह गर्नुभयो । ५ वर्षे रणनितिक योजना प्रति जिज्ञासा राख्नुभयो । बैंकको खराव कर्जा बढिरहेको हुँदा कर्मचारीलाई कार्य क्षमताको आधारमा सेवा सुविधा दिन सुझाव दिनुभयो । यो कार्यसमितिको अवधी समाप्त हुँदैछ तर सञ्चालकहरुको सेवा सुविधा बृद्दि गर्ने प्रस्ताव आएकोले कतै यिनै व्यक्तिहरु दोहोरिन खाजेको त हैन भन्ने जिज्ञासा राख्नुभयो । साधारण सभाको समय दिउसो १.०० बजे किन राखियो भन्ने जिज्ञासा राख्दै बैंकको स्तर अनुसार साधारण सभाको स्थान चयन गर्न सुझाव दिनुभयो ।

९.४) **सेयरधनी श्री कमल न्यौपानेले** मुक्तिनाथ कृषि कम्पनीमा बैंकको लगानी रहेको हुँदा त्यसको अवस्थाको बारेमा जिज्ञासा राख्नुभयो । प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा कसरी निर्धारण गरिन्छ भन्ने जिज्ञासा राख्दै यो बैंक मर्जमा जान परेमा विचार गरेर जानुहोला भन्ने सुझाव दिनुभयो । मर्जमा गएका बैंकहरुले यो वर्ष लाभांश दिन नसकेको प्रति ध्यानाकर्षण गराउँदै यो बैंकले दिने लाभांश सन्तोषजनक रहेको बताउनुभयो । बैंकलाई समय दिन नसक्ने व्यक्ति सञ्चालक समितिमा नबस्न आग्रह गर्नुभयो । बैंकले साधारण सभा गर्दा मितव्ययी हुन खोजेको प्रति धन्यवाद दिँदै साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

९.५) **सेयरधनी श्री राम श्रेष्ठले** लिखित रुपमा अहिलेको अवस्थामा १०.२६ प्रतिशत लाभांश पाउनु सेयधनिहरुको लागि राम्रो हो भन्नु भयो । लाभांश वितरण गर्दा ६ प्रतिशत वोनस र ५ प्रतिशत नगद गरी वितरण गर्दा राम्रो हुने भन्दै आगामी वर्षहरुमा विचार गर्न सुझाव दिनुभयो ।

९.६ **सेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले** लिखित रुपमा बैंकको साधारण सभा ढिला भयो दशैं तिहारको बिच तिर हुँदा राम्रो हुने विचार व्यक्त गर्नुभयो । ९.७५ प्रतिशत वोनस सेयर र ०.५१ नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनुभयो । १८ वटा विकास बैंक मध्ये थोरैले मात्र लाभांश वितरण गरेको बताउनुभयो । व्यापार व्यवसाय जस्तै बैंकिङ्ग क्षेत्रमा पनी समस्या आउन सक्छ यसमा सञ्चालक समिति र व्यवस्थापनले विशेष ध्यान दिनुपर्छ भन्नुभयो । नाफा कम हुनुमा आन्तरिक भन्दा बाह्य तत्वहरुको बढी प्रभाव परेको बताउनुभयो । प्रतिवेदनमा दश ठूला डिपोजिटर दश ठूला कर्जाहरुको विवरण राख्दा राम्रो हुने सुझाव दिनुभयो । बैंकले आफ्नै भवन निर्माण गरेको हुँदा सेयर होल्डरहरुको हौसला बढेको बताउनुभयो । आफ्नै भवनमा बसेर चिया कफी खाने योजना बनाएको बताउँदै सत्रौं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

१०) **सेयरधनी महानुभावहरुका सल्लाह, सुझाव र जिज्ञासाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ को जवाफ :**
बुँदा नं. ९ अन्तर्गत सेयरधनी महानुभावहरुले दिनुभएको सल्लाह, सुझाव र जिज्ञासाहरुका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । अध्यक्षज्यूले राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिका कारण वित्तीय सुचांकहरुमा केही संकुचन आएको र आगामी वर्ष यसलाई सुधार गरी राम्रो मुनाफा प्रदान गर्न प्रयासरत रहने तथा अन्य सल्लाह सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लगिने व्यहोरा जानकारी गराउनुभयो भने सेयरधनी महानुभावहरुबाट आएका विभिन्न जिज्ञासाहरुको जवाफ दिनुभयो ।

११) **सभाका निर्णयहरु :** अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरुलाई क्रमश साधारण सभा समक्ष निर्णयार्थ पेश गर्नुभयो र सभाबाट निम्न अनुसार प्रस्तावहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरु तर्फ :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७९/०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिका संयोजक श्री गजेन्द्रमान श्रेष्ठले प्रस्ताव गरे बमोजिम नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता नं. ६३०, आन्तरीक राजश्व कार्यालय काठमाण्डौमा स्थायी लेखा नम्बर ६०२८६३५००, ठेगाना काठमांण्डौ महानगरपालिका वडा नं ३२, अनामनगर स्थीत ए. पी. एण्ड एसोसियट्सलाई नियुक्ति गर्ने तथा पारिश्रमिक सम्बन्धमा बैधानिक लेखा परीक्षण शुल्क , एल. एफ. आर शुल्क तथा यातायात, बास, खाना खर्च र मु.अ. कर सहित एकमुष्ट रु. १५,००,०००/- ( अक्षरेपी पन्ध्र लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.५१३२ प्रतिशतले हुने रकम रु.३,२९,४९,३५६.६६ (अक्षरेपी तीन करोड उनन्तीस लाख उनन्पचास हजार तीन सय छप्पन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) (वोनस सेयरको कर प्रयोजनार्थ ) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियो ।

**विशेष प्रस्तावहरु तर्फ :**

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालय लाई काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.-३ लाजिम्पाट, काठमाण्डौमा स्थानान्तरण गर्नका लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) को ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसठ्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा ) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. विकास बैंकको चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२/५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) बाट ९.७५ प्रतिशतका दरले ६२,६०,३७,७७६.५७ (अक्षरेपी बैसठ्ठी करोड साठी लाख सैंतीस हजार सात सय छयहत्तर रुपैयाँ सन्ताउन्न पैसा) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

***प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :***

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रवन्धपत्रको दफा २ (१) मा :** वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काडमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादीमा रहने छ । | **प्रवन्धपत्रको दफा २ (१) मा :** विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काडमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा रहने छ । | यस विकास बैंकले काडमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा नव निर्मित आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्नुपर्ने भएकोले । |

| | | |
|---|---|---|
| **दफा ५ को उपदफा (ख) मा:**<br>विकास बैंकको जारी पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००/- का दरले ६,४२,०९,००२.७२ (छ करोड बयालीस लाख नौ हजार दुई दशमलव सात दुई थान साधारण सेयरमा विभाजन गरिएको छ । | **दफा ५ को उपदफा (ख) मा:**<br>विकास बैंकको जारी पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु.१००/- का दरले ७,०४,६९,३८०.४९ (सात करोड चार लाख उनन्सत्तरी हजार तीन सय असी दशमलव चार नौ थान साधारण सेयरमा विभाजन गरिएको छ । | सत्रौं वार्षिक साधारण सभाबाट हाल कायम जारी तथा चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) को ९.७५ प्रतिशतका दरले वोनस सेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी ७,०४,६९,३८,०४९.०८ ( अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) पुग्ने भएकोले । |
| **दफा ५ को उपदफा (ग) मा:**<br>विकास बैंकको चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) हुनेछ । | **दफा ५ को उपदफा (ग) मा:**<br>विकास बैंकको चुक्ता पूँजी रु. ७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । | |

४. विकास बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना, र सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्व गर्ने २ (दुई) जना तपशिल बमोजिमका सञ्चालकहरु सर्वसम्मतबाट चयन हुनु भयो ।

**सर्वसम्मतबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारीको नाम र समूह**

| क्र. सं. | नम थर | समूह |
|---|---|---|
| १. | भरत राज ढकाल | संस्थापक समूह |
| २. | नारायण कुमार श्रेष्ठ | संस्थापक समूह |
| ३. | भरत प्रसाद लम्साल | संस्थापक समूह |
| ४. | बिनोद कुमार शर्मा | सर्वसाधारण समूह |
| ५. | सरोजा श्रेष्ठ (कोइराला) | सर्वसाधारण समूह |

५. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रसताव सर्वसम्मतीले पारित गरियो ।

***नियमावलीमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :***

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावलीको दफा २(१) मा :**<br>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काडमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादिमा रहने छ । | **नियमावलीको दफा २ मा :**<br>विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ जिल्ला, काडमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा रहने छ । | यस विकास बैंकले काडमाण्डौ महानगरपालिका वडा नं. ३, लाजिम्पाटमा नव निर्मित आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्नुपर्ने भएकोले । |

| | | |
|---|---|---|
| **नियमावलीको दफा २९ (ख) मा :** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. १३,०००/- (अक्षरेपी तेह्र हजार मात्र) र रु. १२,०००/- (अक्षरेपी बाह्र हजार मात्र) हुनेछ । सञ्चालकहरुलाई टेलिफोन इन्टरनेट सुविधा वापत मासिक रु. ४०००/- ( अक्षरेपी चार हजार मात्र ) र पत्रपत्रिका सुबिधा बापत मासिक रु. २,५००/- ( अक्षरेपी दुई हजार पाँच सय मात्र ) प्रदान गरिनेछ । | **नियमावलीको दफा २९ (ख) मा :** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. २०,०००/- (अक्षरेपी बीस हजार मात्र) र रु. १८,०००/- (अक्षरेपी अठार हजार मात्र) हुनेछ । अध्यक्ष र सञ्चालकहरुलाई पत्रपत्रिका, टेलिफोन, इन्टरनेट र इन्धन सुविधा वापत मासिक रु. १५,०००/-(अक्षरेपी पन्ध्र हजार मात्र) प्रदान गरिनेछ । | समय सापेक्ष रुपमा बृद्धि गर्नुपर्ने भएको हुँदा थप/बृद्धि गरिएको । |
| **नियमावलीको दफा २९ (ग) मा :** वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च देहाय बमोजिम हुनेछ : | **नियमावलिको दफा २९ (ग) मा :** वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च देहाय बमोजिम हुनेछ : | समय सापेक्ष रुपमा परिमार्जन गर्नु पर्ने भएकोले । |
| **(अ) दैनिक भत्ता :**<br>१. स्वदेशमा दैनिक भत्ता रु. ६,०००/- ( अक्षरेपी छ हजार मात्र )<br>२. भारतमा दैनिक भत्ता भा.रु. ६,०००/- ( अक्षरेपी छ हजार मात्र )<br>३. भारत वाहेक अन्य सार्क राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर २००/- ( अक्षरेपी दुई सय मात्र )<br>४. सार्क राष्ट्र वाहेक अन्य राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर ३००/- ( अक्षरेपी तीन सय मात्र ) | **(अ) दैनिक भत्ता :**<br>१. स्वदेशमा दैनिक भत्ता ने.रु. १०,०००/- (अक्षरेपी दश हजार मात्र)<br>२. भारतमा दैनिक भत्ता भा.रु. १०,०००/- ( अक्षरेपी दश हजार मात्र )<br>३. भारत वाहेक अन्य सार्क राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर २५०/- ( अक्षरेपी दुई सय पचास मात्र )<br>४. सार्क राष्ट्र वाहेक अन्य राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर ४००/- ( चार सय मात्र) | |
| **(आ) भ्रमण खर्च :**<br>परिवहन खर्च, हवाई टिकट तथा भिषा शुल्क वास्तविक बिल बमोजिमको रकम हुनेछ । | **(आ) भ्रमण खर्च :**<br>परिवहन खर्च, हवाई टिकट तथा भिषा शुल्क वास्तविक बिल बमोजिमको रकम हुनेछ । साथै सञ्चालकहरुको भ्रमणमा खाने/बस्ने व्यवस्था बैंकलेनै मिलाएको अवस्थामा दैनिक भ्रमण भत्ता प्रदान गरिने छैन । | |

६. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता,

लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

७. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

१२) **नव निर्वाचित सञ्चाकहरुलाई प्रमाणपत्र वितरण** : निर्वाचन अधिकृतले नवनिर्वाचित सञ्चालकहरुलाई प्रमाणपत्र वितरण गर्नु भयो भने पूर्व सञ्चालक समितिका अध्यक्ष मिन प्रसाद गुरुङ्ग र खिम प्रकाश मल्लले टिका र माला लगाएर सम्मान गर्नुभयो ।

१३) **शुभकामना मन्तव्य :** विकास बैंकको सत्रौं वार्षिक साधारण सभामा पूर्व सञ्चालकहरुको तर्फबाट पूर्व सञ्चालक समितिका अध्यक्ष श्री मिन प्रसाद गुरुङ्गले नव निर्वाचित सदस्यहरुलाई कार्यकालको सफलताको शुभकामना सहित महत्वपूर्ण भनाइहरु व्यक्त गर्नुभयो ।

१४) **सभाको समापन :** निबर्तमान अध्यक्ष तथा वननिर्वाचित सदस्य श्री भरत राज ढकालले निर्वाचित सदस्यहरुको तर्फबाट आफ्नो प्रतिबद्दता सहित उपस्थित सेयरधनी, अतिथि लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सत्रौं बार्षिक साधारण सभाको समापन भएको जानकारी गराउनुभयो ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| कम्पनी सचिव | अध्यक्ष | संस्थाको छाप |